स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव
जनचेतना
NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक

एउटै शैलीको कथावाचनमा बाँचिरहेको नेपाली फिल्मलाई निर्देशक निश्चल बस्नेतले फिल्म 'लुट'मार्फत नयाँ बाटो देखाएका थिए । निर्देशक बस्नेतले २०१७ मा "लुट २बनाए । तर, यसपटक उनी चिप्लिए । त्यति ठूलो लिगेसी बोकेको फिल्मको सिक्वेल कमसल निस्कियो । अन्ततः ६ वर्षको अन्तरालपछि निश्चल फिल्म निर्देशनमा फर्किएका छन् । उनले एक हप्तादेखि काभ्रेमा फिल्म 'दिमाग खराब'को छायांकन गरिरहेका छन् ।

आजको विचार...

हृदयेश पन्थी

स्थानीय...
(दुई पेजमा)

कुनै समय एउटै सेड्युलमा ४ वटासम्म फिल्मको छायांकन गरेका सुपरस्टार निखिल उप्रेती विगत केही वर्षयता अभिनयमा सक्रिय छैनन् । अफर पुगेका फिल्महरु पनि नकार्दै आइरहेका छन् । बरु उनी आफूले सुरु गरेको 'समबोधी अभियान'मार्फत जीवन र जगतका बारेमा प्रवचन दिँदै हिँडिरहेका छन् । उनलाई हेरेर हुर्किएका प्रशंसकहरु भने उनको नयाँ फिल्मको व्यग्र पर्खाईमा छन् । हालै एक पोडकास्टमा उनले फिल्म नगर्नुको कारण खुलाएका छन् ।

❒ वर्ष २८ ❒ अंक ३०२ ❒ २०८० जेठ १७ गते बुधबार 31 May 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

संक्षिप्त समाचार

आज सुर्तीजन्य पदार्थ विरुद्धको दिवस

पाल्पा,जेठ १६/आज सुर्तीजन्य पदार्थ विरुद्धको दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाईदै छ । नेपालमा पनि सुर्तीजन्य वस्तुहरुको प्रयोग विरुद्ध सचेतनामुलक कार्यक्रम गरी यो दिवस मनाइँदै छ । हरेक वर्ष मे ३१ तारिखमा विश्वभर यो दिवस मनाउने गरिन्छ । यो दिवसलाई धुम्रपान विरुद्धको दिवस पनि भनिन्छ । दिवसका अवसरमा सुर्तीजन्य वस्तुहरुको सेवनबाट मानवीय स्वास्थ्यमा पर्ने हानी नोक्सानी बारे सचेतना जगाउने कार्यक्रमहरु गरिन्छ । स्वास्थ्य अधिकारका क्षेत्रमा काम गरिरहेका सरकारी निकाय र गैरसरकारी संघसंस्थाहरुले सूर्तीजन्य वस्तुको सेवनबाट मानव स्वास्थ्यमा पर्ने असरप्रति चेतना जगाउने खालका अन्तर्क्रिया तथा गोष्ठी कार्यक्रम आयोजना गर्दछन् । यस दिवसका अवसरमा सुर्तीजन्य वस्तुको खपतलाई न्यूनिकरण गर्न नीतिगत वकालतका कार्यक्रम समेत आयोजना गरिन्छन् । नीतिगत वकालतका माध्यमबाट सुर्तीजन्य वस्तुको खपतलाई न्यूनिकरण गर्नु नै यो दिवस मनाउनुको मुख्य उद्देश्य हो ।

पाल्पाका स्थानीय तहलाई ४ अर्ब १६ करोड बढीको बजेट

कुन स्थानीय तहले कति पाए ?

रामचन्द्र रायमाझी

पाल्पा, जेठ १६/सोमबार अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि १७ अर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट सार्वजनिक गरे । अर्थमन्त्रीले सार्वजनिक गरेको बजेट अनुसार पाल्पाका दुई नगरपालिका र आठ गाउँपालिकाका लागि ४ अर्ब १६ करोड ४५ लाख बजेट विनियोजन गरिएको छ । जसमा चालुतर्फ ३ अर्ब ७४ करोड २६ लाख छ भने पुँजीगततर्फ ४२ करोड १९ लाख रहेको छ । यहाँ बजेटको आकार केही बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यसपटक ८ करोड २४ लाखले बजेट बढेको हो । चालू आर्थिक वर्ष २०७९/०८० मा यहाँका स्थानीयतहलाई ४ अर्ब ८ करोड २१ लाख बजेट विनियोजन भएको थियो । संघीय सरकारले यस पटक तानसेन नगरपालिकालाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक गरी ६९ करोड २० लाख विनियोज गरेको छ । जसमा चालुतर्फ ५५ करोड ५० लाख र पुँजीगततर्फ १३ करोड ७० लाख रहेको छ । यहाँ चालु आर्थिक वर्ष ६६ करोड ५३ लाख विनियोजन भएको थियो । यस्तै रामपुर नगरपालिकालाई ४७ करोड ७७ लाख बजेट छुट्याइएको छ । जसमा चालुतर्फ ४४ करोड ६१ लाख, पुँजीगततर्फ ३ करोड १६ लाख रहेको छ । यहाँ अघिल्लो वर्षको तुलनामा यस पटक बजेट केही कम आएको छ । चालु आर्थिक वर्ष ४९ करोड ८१ लाख बजेट विनियोजन भएको थियो । तिनाउ गाउँपालिकालाई यस पटक ३२ करोड ६० लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३० करोड २० लाख र पुँजीगत तर्फ २ करोड ४० लाख रहेको छ । यस पटकको बजेटमा भने यहाँ केही रकम बढेको छ । चालु आर्थिक वर्षमा ३० करोड ५४ लाख परेको थियो । यस्तै निस्दी गाउँपालिकालाई चालुतर्फ ३६ करोड ५८ लाख, पुँजीगततर्फ ३ करोड ६२ लाख गरी ४० करोड २० लाख विनियोजन भएको छ ।

यहाँ चालु आर्थिक वर्ष भने ३९ करोड ७५ लाख परेको थियो । यस्तै पूर्वखोला गाउँपालिकालाई चालुतर्फ ३० करोड ८ लाख, पुँजीगततर्फ ३ करोड गरी ३३ करोड ८ लाख रकम विनियोजन भएको छ । यहाँ चालु आर्थिक वर्ष भने ३२ करोड ८८ लाख रकम विनियोजन भएको थियो । यसै गरी बगनासकाली गाउँपालिकालाई चालुतर्फ ३३ करोड ३० लाख, पुँजीगततर्फ २ करोड १५ लाख गरी ३५ करोड ४५ लाख छुट्याइएको छ । यहाँ चालु आर्थिक वर्ष ३४ करोड ७३ लाख विनियोजन भएको थियो । माथागढी गाउँपालिकालाई चालुतर्फ ३५ करोड ५२ लाख, पुँजीगततर्फ ३ करोड ९० लाख गरी ३९ करोड ४२ लाख विनियोजन भएको छ । चालु आर्थिक वर्ष भने ३८ करोड ६३ लाख परेको थियो । यस्तै रम्भा गाउँपालिकालाई चालुतर्फ ३१ करोड ९ लाख, पुँजीगततर्फ ३ करोड ४० गरी ३४ करोड ४९ लाख विनियोजन गरिएको छ । चालु आर्थिक वर्ष भने ३४ करोड २५ लाख परेको थियो । रिब्दीकोट गाउँपालिकालाई चालुतर्फ ३३ करोड ६६ लाख, पुँजीगत तर्फ २ करोड ८६ लाख गरी ३६ करोड ५२ लाख विनियोजन भएको छ । यहाँ चालु आर्थिक वर्ष भने ३५ करोड ४० लाख छुट्याइएको थियो । यस्तै रैनादेवी छहरा गाउँपालिकालाई चालुतर्फ ४३ करोड ७२ लाख, पुँजीगततर्फ ४ करोड गरी ४७ करोड ७२ लाख विनियोजन भएको छ । यहाँ चालु आर्थिक वर्ष भने ४५ करोड ६५ लाख रुपैयाँ विनियोजन भएको थियो ।



प्रधानमन्त्री प्रचण्ड आज भारत भ्रमणमा जाँदै

पाल्पा, जेठ १६/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आज दक्षिणी छिमेकी भारतको भ्रमणमा जाँदै छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण नियन्त्रणमा प्रचण्ड चारदिने औपचारिक भ्रमणमा भारत जान लागेका हन् । गत वर्ष बुद्ध जयन्तीका अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लुम्बिनी भ्रमण भएको थियो । मोदीले लुम्बिनी भ्रमणका बेला नै नेपालका प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो दिएका थिए ।

भ्रमणले दुई देशबीच परम्परागत बहुआयामिक सम्बन्धमा थप प्रगाढता ल्याउनुका साथै परस्पर विश्वासलाई पनि बढाउने निश्चित छ । प्रधानमन्त्रीका रूपमा प्रचण्डको यो चौथो भारत भ्रमण हो । प्रचण्डले पहिलोपटक प्रधानमन्त्रीका रूपमा २०६५ भदौ २९ देखि असोज २ सम्म (२००८ सेप्टेम्बर १४ देखि १८) भारतको औपचारिक भ्रमण गरेका थिए । त्यसबेला दिल्लीबाहेक उनी बेंग्लोरको भ्रमणमा गएका थिए । पहिलोपटक प्रचण्ड भारतीय तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहको निमन्त्रणामा भारत गएका थिए । प्रचण्डले दोस्रोपटक प्रधानमन्त्री हुँदा ०७३ भदौ ३० देखि असोज २ (२०१६ सेप्टेम्बर १५ देखि १८ सम्म भारतको राजकीय भ्रमण गरेका थिए । त्यसबेला उनले हिमाचल प्रदेश र उत्तराखण्डको हरिद्वार भ्रमण गरेका थिए । प्रधानमन्त्री प्रचण्ड ०७३ असोज २९ देखि कात्तिक १ सम्म ब्रिक्स तथा बिमस्टेक नेताहरूको आउटरिच सम्मेलनमा सहभागी हुन भारतको गोआ गएका थिए । यस पटकको भ्रमणले नेपाल र भारतबीचको सदिऔँ पुरानो, बहुआयामिक र सौहार्दपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा गरिएको छ । प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण राष्ट्रहितमा केन्द्रित रहने बताएका छन् । सोमबार प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भारत भ्रमणमा हवाई रुट अनुमति, विद्युत व्यापार र सीमा समस्या समाधान लगायतका दर्जन बढी एजेण्डामा छलफल हुने जानकारी दिएका थिए । भ्रमणको तयारीबारे प्रधानमन्त्री दाहालले व्यापारदेखि महाकाली सन्धिको डीपीआर निर्माण सम्मका विषयहरुमा छलफल हुने समेत बताए ।

लुम्बिनी प्रदेश : कानुन निर्माण प्रभावकारी, कार्यान्वयन फितलो

भरत केसी (रासस)

लुम्बिनी, जेठ १६/जनतामा सम्पूर्ण अधिकार निहित हुने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था गणतन्त्र स्थापना भएको डेढ दशक पुगेको छ । जननिर्वाचित पहिलो विसं २०६५ जेठ १५ गते संविधानसभाबाट निरंकुश राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको थियो ।

दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछिको अवधिमा संविधान कार्यान्वयनकै प्रक्रियामा रहेको छ । संविधान कार्यान्वयका क्रममा यस अवधिमा अहिले जनप्रतिनिधिमूलक निकाय संघीय संसद्, प्रदेशसभा र स्थानीय तहका दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भएका छन् ।

निर्वाचन पश्चात तीनवटै तहमा दोस्रो कार्यकालका लागि सरकार गठन भएर शासन सञ्चालनमा रहेका छन् । संविधान कार्यान्वयका लागि तीन तहका सरकारले विभिन्न कानुन निर्माण र कार्यान्वयन गर्ने प्रयास गरेपनि संविधान अनुसार निर्माण हुनुपर्ने थुप्रै ऐन, कानुन र नियम निर्माणमा ढिलाइले जनताका अधिकार स्थापित हुन सकेका छैनन् । कतिपय निर्माण गरिएका ऐन कानुन संविधान, ऐन, कानुनसँग बाझिएका कारण पनि कार्यान्वयनमा समस्या परेको छ । यसका साथै निर्माण गरिएका कानुन आवश्यक नियमावली समयमा बन्न नसक्दा कार्यान्वयन पक्ष फितलो बनेका छन् । नेपालको संवैधानिक व्यवस्था बमोजिम संविधान कार्यान्वयनको क्रममा संघीय संरचना अन्तर्गत बनेको लुम्बिनी प्रदेशको पहिलो प्रदेशसभाको दुई तिहाइ सदस्यले राजनैतिक स्थायित्वका लागि संवैधानिक व्यवस्था अनुसार स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) र प्रदेशको नामकरण लुम्बिनी तोक्ने काम सम्पन्न गरिसेका छन् ।

प्रदेशसभाले प्रदेश सरकार र स्थानीय तहका लागि संविधानको अनुसूची ६, ७ र ९ मा व्यवस्था गरेअनुसार कानुन निर्माण गर्ने व्यवस्था छ । ती अनुसूचीमा भएको व्यवस्था अनुसार कानुन निर्माणमा अनुसूची ६ मा प्रदेशको एकल अधिकारका कानुन निर्माणमा प्रदेशसभालाई जति सजिलो भए पनि अनुसूची ७ मा रहेको संघ र प्रदेशका साझा अधिकारका कानुन निर्माणमा र अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय तहका अधिकारका साझा सूचीका कानुन निर्माणमा संघले समयमै कानुन निर्माण नगरेकाले प्रदेशसभालाई कानुन निर्माणमा समस्या देखिएको छ । मुलुक संघीय संरचनामा गइसकेपछि प्रदेशमा प्रदेशसभाले कानुन निर्माणको भूमिका निर्वाह गरेको छ । संसदीय प्रणालीको प्रचलित अभ्यास अनुसार प्रदेशसभाले प्रदेशमा प्रदेश सरकार गठन गर्ने, विधेयक पारित गर्ने, प्रदेश सरकारको नीति कार्यक्रम र बजेट पारित गर्ने, सरकार तथा सरकारी निकायको संसदीय निगरानी तथा नियन्त्रण जस्ता प्रमुख जिम्मेवारी बहन गर्दै आएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

बजेट कार्यान्वयनको अपेक्षा

सरकारले आगामी वर्षका लागि अर्थात् साउनदेखि लागू हुने गरी विगतमा झैं बजेट प्रस्तुत गरेको छ । अर्थमन्त्री प्रकाशशरण महतले सोमबार आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गरेका छन् । बजेट प्रस्तुत भएपछि बजेटका विषयमा फरक–फरक धारणाहरु सार्वजनिक भइरहेका छन् । तर, समग्रमा बजेट सफल र असफल भयो भने त्यसले प्रभाव पार्ने क्षेत्र भनेको देश र समाज नै हो । देशको आर्थिक अवस्था संकटमा परेको बेला अबको बाटो के हुने भन्ने स्पष्ट कार्यक्रम बजेटमा अपेक्षा गरिएको थियो । तर, समस्याको गाम्भीर्य र भयावहता अनुरूप बजेट नआए पनि केही नयाँपन भने आएको देखिन्छ । यद्यपी केही कार्यक्रम तथा योजनाहरु भने विगतका नै हुबहुँ नै ल्याइएको छ । मूल कुरा कार्यान्वयनको हो । राम्रा कार्यक्रम भएर पनि कार्यान्वयन हुन सकेन भने त्यसको कुनै औचित्य हुँदैन ।

विगतका सरकारले ल्याउने बजेट सुन्दा राम्रो भएपनि कार्यान्वयनमा समस्या हुन्थ्यो । अहिलेको बजेट पनि कार्यान्वयनमा चुनौती देखिन्छ । बजेट अनुदान र ऋणमा आधारित भएर आएकाले आशा गर्ने केही ठाउँचाही छ । बजेटमा खर्च कटौतीलगायतका सकारात्मक पक्षहरू समेटीएका छन् । नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने, कृषि र रोजगारलाई जोड दिएर मुलुकको आर्थिक वृद्धिदर ६ प्रतिशत बनाउने गरी आएको बजेटले आशा भने जगाएको छ । स्रोत सुनिश्चित भएका पुराना योजना मात्रै राखेर अरू कटाएको छ । यो राम्रो हो । ठेक्का प्रक्रिया सुधार गर्न खोजिएको छ । आयोजनाहरूमा हुने ढिलासुस्ती र लागत खर्च बढ्ने प्रवृत्तिलाई यसले नियन्त्रण गर्न खोजेको छ। कुल पुँजीगत खर्चको १ प्रतिशत अनुसन्धान, नवप्रवर्द्धन र आविष्कारमा खर्च गर्दा अनुसन्धानको दायरा फराकिलो हुन्छ । नापी र मालपोतसम्बन्धी काम एकीकृत प्रणालीभित्र ल्याइने प्रयास स्वागतयोग्य छ । तर विवादास्पद कार्यक्रमको हिसाबले बजेट आलोचनाबाट बाहिर रहन सकेन । खासगरी बजेट दुरुपयोग, गैरसवैधानिक र संघीयताको मर्मविपरीत सांसदहरूलाई निर्वाचन क्षेत्रको बजेट ब्युँताइएको छ । आफ्नो तजबिजी रहने र दुरुपयोग हुने गरेको यो कार्यक्रमका लागि अर्थमन्त्री महतले आगामी वर्षका लागि ८ अर्ब २५ करोड रुपैयाँ बजेट विनियोजन गरेका छन् । यसले चौतर्फी आलोचना भएको छ । बजेट जे जस्तो आएपनि कार्यान्वय पक्ष भने महत्वपूर्ण हो । विगतमा पनि नीति तथा कार्यक्रमहरु कार्यान्वय नभएका उदाहरण प्रशस्त भएकाले पनि कार्यान्वय नहुने होकी भन्ने आशंका अहिले पनि कायमै छ । यसर्थ सरकारले ल्याएको बजेट नीति तथा कार्यक्रमलाई आशंकाको घेरामा नराखी पारदर्शी ढङ्गले कार्यान्वयन गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

Opinion @ Social Network

ए जिन्दगी त सँग लड्नुको मजा नै बेग्लै, तैले रुवाउन न छाड्दैनस्,
म सधैं हारेर पनि हाँस्न छाडदिन ।

(*पूजा थापाको फेसबुक स्टाटस* https://www.facebook.com/*Pooja.Thapa*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

स्थानीय तहमा आन्तरिक लेखापरीक्षण : के गर्ने, के नगर्ने ?

हृदयेश पन्थी

'अडिट' शब्दको सुरुवात ल्याटिन भाषाको 'ब्गमष्चभ' बाट भएको हो जसको अर्थ सुन्नु हो । सामान्य अर्थमा लगानी र प्रतिफलको तुलना गरी आलोचना सहितको सुझाव उपलब्ध गराउने कार्य नै लेखापरीक्षण हो । नेपालको संविधान अनुसार महालेखा परीक्षाकले विभिन्न मापदण्डलाई आधार बनाएर सबै सरकारी निकायको अन्तिम जस्तै- नियमित, मितव्ययी, कार्यदक्षतापूर्ण, प्रभावकारी तथा औचित्यलाई आधार बनाएर लेखापरीक्षण गर्दछ ।

आन्तरिक लेखापरीक्षण

व्यवस्थापनलाई संस्थाको उद्देश्य प्राप्ति तथा जोखिम व्यवस्थापनका लागि सहयोग गर्न संस्थाका कमर्चारी वा बाहिरी अनुभवी व्यक्तिबाट गराइने कार्य परीक्षणलाई आन्तरिक लेखापरीक्षण भनिन्छ । आन्तरिक लेखापरीक्षणले विशेष गरी जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनमा केन्द्रित भई कार्य गर्दछ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६) को परिच्छेद १ अन्तर्गत दफा २ को 'घ' मा उल्लेख छ– 'आन्तरिक लेखापरीक्षण भन्नाले कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रण कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कानुन, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषण साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य सम्झनुपर्दछ ।'

सोही ऐनको परिच्छेद ६ मा आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण सम्बन्धमा उल्लेख गरिएको छ । जसको दफा ३३ मा आन्तरिक लेखापरीक्षणको सम्बन्धमा उल्लेख छ– 'नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षक महालेखा नियन्त्रण कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।' त्यस्तै, ऐनको दफा ३४ मा प्रदेश तथा स्थानीय तहको आन्तरिक लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरिएको छ, जसमा भनिएको छ– 'प्रदेश तथा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु-गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका विषयको आधारमा आवश्यक सुधार गर्नु सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिमको सुधार भए-नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने, आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सोउपर भएको कारबाहीको प्रतिवेदन प्रदेशको हकमा मन्त्री तथा स्थानीय तहको हकमा प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।' त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को परिच्छेद १० मा गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्यप्रणाली सम्बन्धमा व्यवस्था गरिएको छ । जसको दफा ७७ मा लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । जसको उपदफा १ मा भनिएको छ- 'स्थानीय तहले आृनो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनुपर्ने, उपदफा २ मा स्थानीय तहले कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, उपदफा ३ मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै संपरीक्षण गराउने र उपदफा ४ मा आन्तरिक लेखापरीक्षणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखापरीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराउनुपर्नेछ ।'

नेपालमा बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गरी नेपालको संविधान घोषणापश्चात् स्थानीय तहमा कर्मचारी खटनपटन सम्बन्धमा कर्मचारी समायोजन ऐन (२०७५) लागू भयो । यसलगत्तै स्थानीय तहमा समायोजन भई धेरथोर कर्मचारी समायोजन गरी पठाइयो । सोही समायोजन ऐनको आधारमा प्रदेश लोकसेवा गठन तथा सञ्चालन नभएको हुनाले संघीय लोकसेवा आयोगबाट स्थानीय तहका लागि थप कर्मचारीको विज्ञापन भई पदपूर्ति गर्ने काम भयो ।तर कर्मचारीहरूलाई सेवा प्रवेश तालिम विना नै कामकाजको लागि पठाइयो ।जसमा स्थानीय तहमा आन्तरिक लेखापरीक्षणको लागि सामान्य प्रशासन सेवा लेखा समूह गरी आन्तरिक लेखापरीक्षण अधिकृत छैटौं र आन्तरिक लेखापरीक्षण सहायक पाँचौंको व्यवस्था गरेको देखिन्छ । आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गरेर मासिक, त्रैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

लेखापरीक्षण किन ?

आन्तरिक लेखापरीक्षण गर्नुपर्ने विभिन्न कारण छन् । जस्तै, कार्यालयभित्र आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण र मूल्याङ्कन गरी मजबुत बनाउन, संविधानले परिकल्पना गरेको स्वच्छ एवं पारदर्शी सार्वजनिक प्रशासन, वित्तीय अनुशासन जस्ता विशिष्ट मान्यताको पैरवी गर्न लेखापरीक्षण गर्नुपर्छ । वित्तीय संघीयताको प्रभावकारिता पुष्टिमा भूमिका निर्वाह गरी कार्यालयको समष्टिगत आर्थिक स्थायित्वमा सुधार गर्न, कार्यालयको लागि आवश्यक नीति निर्माणमा योगदान पुऱ्याउन र गल्ती कमजोरीहरू समयमै पत्ता लगाई सुधारका लागि व्यवस्थापनलाई सहयोग गर्न साथै भविष्यमा गल्ती नदोहोरिने अवस्था सिर्जना गर्न पनि लेखापरीक्षण गरिन्छ । त्यस्तै, स्थानीय आर्थिक कार्यप्रणालीलाई संस्थागत गरी वित्तीय जवाफदेही प्रवर्धन गर्न, बेरुजु न्यूनीकरण एवं समयमै बेरुजु संपरीक्षण तथा फर्स्योटमा महत्वपूर्ण योगदान पुऱ्याउन र मुलुकको आर्थिक, वित्तीय नीति कार्यान्वयनमा सहयोग पुऱ्याउन पनि लेखापरीक्षण गर्नुपर्छ । नियमित लेखापरीक्षणले सार्वजनिक परीक्षण एवं व्यवस्थापन परीक्षणलाई महत्व दिंदै कार्यालयको समग्र व्यवस्थापकीय सक्षमता अभिवृद्धि गर्न र व्यवस्थापनलाई आर्थिक पक्षबारे यथार्थ जानकारी दिन सकिन्छ ।

लेखाको जाँच गरी लेखालाई अद्यावधिक बनाई राख्न, अन्तिम लेखापरीक्षणको लागि आधार तयार गर्न, जोखिम व्यवस्थापन, नियन्त्रण प्रणाली र सुशासनको मूल्याङ्कन गरी कार्य सञ्चालन प्रभावकारी बनाउन र संगठनका क्रियाकलापको स्वतन्त्र रूपमा समीक्षा गरी व्यवस्थापनसमक्ष सुधारका लागि सुझाव दिन पनि लेखापरीक्षण गरिन्छ । वित्तीय पारदर्शिता र जवाफदेही प्रवर्धन गर्न, स्वच्छ, सन्तुलित र नियमित आर्थिक प्रशासन सञ्चालनमा सहयोग पुऱ्याउन, संस्थाको उद्देश्य र हित अनुकूल हुने गरी लाभप्रद ढंगले संस्था सञ्चालनमा सहयोग पुऱ्याउन र नियमित रूपमा आर्थिक क्रियाकलापको परीक्षण गरी आर्थिक अनुशासन कायम राख्न पनि लेखापरीक्षण गरिन्छ ।

स्थानीय तहमा आन्तरिक लेखापरीक्षकका चुनौती

स्थानीय तहमा कर्मचारीको अभाव लगायत समस्याले गर्दा लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीले अन्य शाखा समेत सञ्चालन गर्नुपर्छ । कार्यक्रम गर्ने तथा पेश्की लिने, राजस्व, सहकारी लगायत अन्य शाखामा काम गर्दा दोहोरो भूमिका हुने भएकोले आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण मात्र गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्छ । स्थानीय तहमा रहेर सोही कार्यालयको तलब खाने तथा कार्यसम्पादन मूल्याङ्कन समेत कार्यालय प्रमुखले गर्ने भएकाले स्थानीय तहमा आन्तरिक लेखापरीक्षणलाई पूर्ण रूपमा स्वतन्त्र बनाउनुपर्छ । कार्यालयको बेरुजु न्यूनीकरणमा सहयोग गरी आर्थिक अनियमितता, हिनामिनालाई निरुत्साहित गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति पूर्ण कार्यान्वयनमा योगदान पुऱ्याउने चुनौती लेखापरीक्षकसँग हुन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६), लेखापरीक्षण ऐन (२०७५), आन्तरिक लेखापरीक्षण निर्देशिका (२०७९) लगायत ऐन एवं निर्देशिकामा भएका लेखापरीक्षण सम्बन्धी प्रावधानको आन्तरिकीकरण गर्दै आन्तरिक लेखापरीक्षणलाई वस्तुनिष्ठ बनाउन पनि लेखापरीक्षकले जोड दिनुपर्छ ।

कार्यपालिका प्रमुख, कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षक बीच आर्थिक पारदर्शिता, वित्तीय अनुशासन र कार्यालयको समष्टिगत व्यवस्थापकीय सुधारको सन्दर्भमा उचित समन्वय र सहकार्यको अवस्था सिर्जना गर्ने चुनौती सामना गर्न लेखापरीक्षक तयार हुनुपर्छ । त्रैमासिक/चौमासिक रूपमा तयार पारिएका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरू धेरै दिन/महिनासम्म कार्यालय प्रमुखको घर्रामा थन्किने विद्यमान अवस्थाको अन्त्य गरी लेखापरीक्षकले औंल्याएका बेरुजुलाई यथासमयमै व्यवस्थापनद्वारा संपरीक्षण गर्ने/गराउने व्यवस्थाको कार्यान्वयन गर्ने चुनौती पनि आइलाग्न सक्छ । आन्तरिक लेखापरीक्षकले औंल्याएका बेरुजुलाई अन्तिम लेखापरीक्षणको क्रममा कतिपय स्थानीय तहमा आधार नबनाइएको अवस्थालाई सुधार गर्दै अन्तिम लेखापरीक्षणको प्रमुख आधारको रूपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई स्थापित गर्न जोड दिनुपर्छ । त्यसैले स्थानीय तहमा आन्तरिक लेखापरीक्षण गर्ने काम स्वतन्त्र र निष्पक्ष हुन नसकेको देखिन्छ । यसका लागि महालेखा नियन्त्रण कार्यालय लगायत सरोकारवाला निकायले धेरै नै सुधार गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणलाई स्वतन्त्र तथा निष्पक्ष बनाउन आवश्यक पहल गर्नुपर्छ । स्थानीय तहको आन्तरिक लेखापरीक्षकको कार्यसम्पादन मूल्याङ्कन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गर्नुपर्छ । स्थानीय तहमा लेखापरीक्षणका लागि कर्मचारी खटनपटन गर्दा लेखा समूहका कर्मचारीलाई निश्चित अवधिमा विनियोजन तथा लेखापरीक्षणमा फेरबदल गर्न भुल्नुहुँदैन ।सम्बन्धित निकायबाट एक आर्थिक वर्षमा कम्तीमा ७ दिन बराबरको तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम आन्तरिक लेखापरीक्षकलाई दिनुपर्छ । जिल्ला समन्वय समितिमा वा कोष तथा लेखा नियन्त्रक कार्यालय मातहत स्थानीय तहमा आन्तरिक लेखापरीक्षण शाखा बनाई २-३ जनाको समूहमा त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्थाका लागि आवश्यक पहल गर्नुपर्छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई त्रैमासिक निकासा दिंदा अघिल्लो त्रैमासको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनिवार्य गर्नुपर्छ । सबै स्थानीय तहमा आन्तरिक लेखापरीक्षणलाई अनिवार्य गर्नुरु/गराउनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा रुऔंल्याइएका सुझाव कार्यान्वयन भए-नभएको हेर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयका तथा जिल्ला समन्वय समितिका पदाधिकारी समेत रहेको समिति बनाउनुपर्छ । स्थानीय तहको आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्न तथा प्रतिवेदनलाई विश्वसनीय तुल्याउन आन्तरिक लेखापरीक्षणलाई क्षमता अभिवृद्धि गर्दै थप स्वतन्त्र बनाउनुपर्ने देखिन्छ ।

(लेखक रामपुर नगरपालिका पाल्पामा कार्यरत आलेप अधिकृत हुन्।)

-अनलाइन खबर डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय	
बुटवल	०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२११९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६०७९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इप्का पाल्पा	०७५-६९१५१५
अस्पताल कार्यालय	
लुम्बिनीसिटी अस्पताल	०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४११२०१
पिपन्द्र परासी	०७८-५२०१९८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२०७
सिद्धार्थनगर महिला अस्पताल	०७१-५४४५५०
बुटवल हस्पिटल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६६१, ५४५६४१
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेडिटेक अस्पताल	५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:	०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल:	०७५-४००१५४
एम्बुलेन्स न.	
रोटरी क्लब बुटवल	०७१-५४४६००
लियो क्लब अफ बुटवल	०७१-५४५९९३
रेडक्रस भैरहवा	०७१-५२०२६३
रेडक्रस भैरहवा	०७१-५२६६०३, ९८४७०२२४६४
परासी	०७८-५२०२५५
रेडक्रस पाल्पा	०७५-५२०६००
रेडक्रस तौलिहवा	०७६-५६००१५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी	०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५०९९
रेडक्रस क्लब नवाँमिल	९५१७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१७५८
बनगाई क्लब बनगाई	०७६-६९०१०२
रेडक्रस केवढ	०७१-५७०७९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७०४४९६४
न्यू एकता क्लब तानसेन :	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा :	९८४७०२०७६५
रामपुर टेइन्स्टी:	९८५७०६२२४७, ९८५७०६०५०४

दैनिक राशिफल

मेष : विभिन्न क्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ ।

वृष : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ ।

मिथुन : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।

कर्कट : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपारी नसकिएला ।

सिंह : रोकिएका अधुरा काम पुन: सुचारु भइ आम्दानी प्राप्त हुनेछ ।

कन्या : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ ।

तुला : आज महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ ।

वृश्चिक : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

धनु : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला ।

मकर : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ।

कुम्भ : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ ।

मीन : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ ।

अमेजन प्राइमको 'म्यूजिक' वेब सिरिजमा अदिती

नेपाली मुलकी अभिनेत्री अदिती बुढाथोकीले एक दर्जन बढी हिन्दी र पञ्जाबी म्यूजिक भिडियोमा काम गरिसकेकी छन् । म्यूजिक भिडियोमा उनको व्यस्तता बढ्दो छ । अब उनले हिन्दी वेब सिरिजमा फड्को मारेकी छन् । नितिन गावडेद्वारा निर्देशित 'म्यूजिक' नामक वेब सिरिजको तीन सिजनसम्म अदितीले मुख्य भूमिका निभाउनेछिन् । ९ दिनदेखि उनी यसैको छायांकनमा व्यस्त छिन् ।

प्रतिष्ठित ओटीटी प्लेटफर्म अमेजन प्राइममा रिलिज हुने वेब सिरिजलाई नेपाली मुलका छायाँकार विनोद प्रधानले खिचिरहेका छन् । नेपाली फिल्म 'कुसुमे रुमाल'देखि 'कलंक', 'चहेरे', 'बागी', 'टू स्टेट्स', 'भाग मिखा भाग', 'मौसम', 'यमला पखला दिवाना' जस्ता कयौं बलिउड फिल्मको उनले छायांकन गरिसकेका छन् । उक्त वेब सिरिजमा अदितीको भूमिकाबारे भने केही खुलाइएको छैन । फिल्म 'कृ'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी उनको गत वर्ष फिल्म 'बाबरी' प्रदर्शन भएको थियो, जुन उनकै होम प्रोडक्सनको थियो । उनी फेरि होम प्रोडक्सनकै फिल्ममा काम गर्दैछिन् । उनकी आमा पुष्पलता बुढाथोकीले 'बाबरी' रिलिजको पूर्वसन्ध्यामा नयाँ फिल्म घोषणा गरेकी थिइन् । अदितीले नेपाली फिल्ममा डेब्यू गर्नुभन्दा धेरै अघिदेखि भारतमा मोडलिङ गर्दै आएकी थिइन् । २०७५ सालमा उनले टेलिभिजन वेब सिरिज 'इनसाइड एज २'मा काम गर्न लागेको चर्चा चलेको थियो । यो कुरालाई उनी आफैंले पुष्टि गरेकी थिइन् भने भारतीय मिडियाले पनि राम्रो स्थान दिएका थिए । सिरिजमा बलिउड अभिनेता विवेक ओबरोयले अभिनय गर्दै थिए । तर पछि अदितीले यो सिरिज गर्न पाइनन् । अब उनको वेब सिरिजमा अभिनय गर्ने इच्छा 'म्यूजिक'बाट पूरा भएको छ ।

-फिल्मी खबर डटकम

'फिल्म हेम्जाकोटले सिंहदरबारलाई प्रश्न गर्छ'

फिल्म 'वेलकम टु हेम्जाकोट' हिट हुनेछ भन्ने कुरामा निर्देशक सरोज पौडेल आशावादी छन् । मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनी आशावादी सुनिए । पोखरा नजिकको थलो हेम्जाकोट ठाउँको कथावस्तुमा छायांकन गरिएको यो फिल्मले बेरोजगार पात्रको संघर्षको कथा पेश गर्छ । फिल्ममा मुख्य चार पात्र छन् । धेरै नपढेको र बेरोजगारी एक युवक छ, जोसँग उसका बाबुआमा आजित छन् । ढिलै भएपछि जिन्दगीले सुख ल्याउँछ भन्ने आशामा छ ऊ । केही सीप नलागेपछि विदेश जाँदा बाटोमा उसले धेरै हैरानी खेप्छ । फिल्मका चार पात्रको अलग लक्ष्य र संघर्षलाई लिएर निर्देशक पौडेलले फिल्म बनाएका छन् ।

उनलाई लाग्छ, यो फिल्म नीति बनाउन सिंहदरबारमा बसेकालाई प्रश्न पनि हो । भन्छन्, 'बेरोजगारी र त्यसले निम्त्याएका दु:खसँग यो फिल्मले रिलेट गर्छ ।' मल्टिस्टारर यो फिल्ममा उनले अन्तरजातीय प्रेमको कथावस्तु पनि उधिनेका छन् । भन्छन्, 'जति नै ठूलो भाषण गरे पनि गाउँमा अझै पनि जातीय समस्या छ । जातलाई लिएर प्रेममा लडाइँ हुन्छ । केही प्लट रुकुमको घटनालाई लिएर लेखिएको छ ।' निर्देशक पौडेल फिल्मको स्क्रिप्टमा विश्वास गर्छन् । उनलाई थाहा छ फिल्ममा दर्शक तान्ने स्टार त छैनन्, तर उनी हेरेका दर्शकलाई मनोरञ्जन दिने कुरामा आशावादी छन् । 'तीन-चारसय खर्च गरेर समय दिइसकेपछि एकछिन भए पनि मनोरञ्जन गर्नुहुन्छ,' उनले भने । 'मलाई लाग्छ कन्टेन्टले अर्थ राख्छ । पछिल्लो समय स्टारका फिल्म पनि फ्लप भएका छन् । उदाहरणका लागि बलिउडमै हेरौं द केरला स्टोरीले कन्टेन्टकै कारण कति राम्रो कमाइ गरेको छ । यसकारण विषयवस्तु महत्वपूर्ण हो,' उनले भने । फिल्मको शीर्ष भूमिकामा छन् विनोद न्यौपाने । यसअघि उनले केही सोसल र कमेडी फिल्म गरे । उनले यसअघि गरेको 'कमलेको बिहे' रिलिज हुन पाएन । 'मैले मज्जाले एक्सप्लोर गरेर काम गरेको फिल्म हो यो,' उनले भने, 'मैले यी फिल्मबाट परिपक्व हुनेभन्दा पनि सिकिरहेको छु ।' फिल्ममा बुद्धि तामाङ पनि छन् जो सहायक भूमिकामा देखिनेछन् । छक्कापञ्जा र कबड्डीजस्ता ब्लकबस्टर फिल्ममा अभिनय गरेका उनलाई दर्शकले भिन्न चरित्रमा देख्न पाउनेछन् । 'दर्शकले मलाई नियमितभन्दा भिन्न चरित्रमा देख्न पाउनुहुनेछ,' उनले भने । विनोद आफूलाई एक्टरको रुपमा चिनाउन थाल्छन् । 'म एक्टर हुँ किनभने स्टार कोही पनि हुनसक्छ । आजभोलि त धेरै प्लेटफर्म छन्, जो पनि स्टार हुन सक्छ । तर एक्टर सबै हुन सक्दैन,' उनले भने, 'यो क्षेत्रमा जति जानें, सिकें शतप्रतिशत दिने प्रयास गरेको छु,' उनले भने । प्रेसमिटमा डेब्यु गर्ल अम्बिका तामाङले आफूले गरेको पात्रबारे बोलिन् । 'मैले गाउँकी साधारण केटीको भूमिका निर्वाह गरेकी छु । जसले लोकसेवा परीक्षाको तयारी गरेको छ । यो पात्रसँग मेरा केही स्वभाव पनि मिल्छन् । म ओखलढुंगामा जन्मिएकी हुँ । गाउँमा गरेका संघर्षका कुरा मिल्छन्,' उनी भन्छिन् । उनले अभिनय करिअरलाई अघि बढाउने तयारीमा आफू जुटेको बताइन् । फिल्म जेठ २६ मा प्रदर्शन तयारीमा छ ।

-अनलाइन खबर डटकम

अब कालजयी गीत बनाउन सकिँदैन ?

रिलिजको केही समय 'भाइरल' भनिएका गीत नै पछिल्लो समय केही महिनामै गुमनाम हुन्छन् । ५० को दशकसम्म त्यस्तो हुँदैन थियो । एकपटक लोकप्रिय भएर स्रोताले रुचाएपछि ती गीत कालजयी हुन्थे । दशकौंसम्म गुञ्जिन्थे । अहिले त्यो असम्भवजस्तै छ ।

कारण के हो ?

गीतकार दिनेश अधिकारी यसमा सबैभन्दा धेरै दोषी सञ्चारमाध्यम रहेको बताउँछन् । "बजारमा धेरै कुरा किन्न पाइन्छ । तर, पाइन्छ भन्दैमा हामी शरीरलाई असर गर्ने कुहिएको कुरा किन्दैनौं," दिनेश भन्छन्, "तर, यहाँ चल्छ भन्दैमा मिडियाले कुहिएको कुरा बेच्ने काम गरे । त्यसैले यसमा सबैभन्दा धेरै दोषी सञ्चारमाध्यम हुन् ।" मिडिया गैरजिम्मेवार बनेको उनको आरोप छ । स्तरीय संगीतलाई प्रश्रय दिनुपर्नेमा मिडिया लोकप्रियताको पछाडि लागेको उनी बताउँछन् । सोही कारण क्वालिटी संगीत छायामा पर्दै गएको उनको भनाइ छ । त्यस्ता गीतकै बाहुल्यता देखिएपछि यसको भेल आएको उनको टिप्पणी छ । "सामान्य अवस्थामा नदीमा १० मिनेटमा पार गर्ने दूरी हिउँदको भेलले दुई मिनेटमा पार गर्छ," उनी भन्छन्, "त्यस्तै चल्ने गीतको भेल अहिले आइरहेका छन् । तर, यो भेल केही समयमा रोकिन्छ ।"

मिडियासँगै स्वयं संगीतकर्मी पनि दोषी रहेको उनको धारणा छ । अहिलेको अवस्था आउनुमा गीतकार, संगीतकार र गायक/गायिका पनि जिम्मेवार रहेको उनी औंल्याउँछन् । "सायद हामी पनि रहर र लहडका भरमा मात्रै सांगीतिक क्षेत्रमा काम गरिरहेका छौं कि ?," दिनेशको प्रश्न छ, "संगीतलाई लहड र रहरको विषय बनाउँदा क्वालिटी म्युजिक खस्कियो कि !" गायक तथा संगीतकार तिलकसिंह पेला फदयमा बास गर्न सक्ने सिर्जना नआउनुलाई यसको मुख्य कारण मान्छन् । पहिलाका गीत एउटा हृदयदेखि अर्को फदयसम्म पुग्ने तर अहिले मिडियाबाजी मात्र हुने गरेको उनी सुनाउँछन् ।

"पहिलाका व्यक्ति गीत निकाल्ने तयारी गरेपछि राम्रो गीतकार र संगीतकार छनोट गर्नुहुन्थ्यो । आफैं पनि लामो समय अभ्यास गर्नुहुन्थ्यो । त्यसैले पहिलाका गीत पछिसम्म पनि खोजेर सुनिए । ती गीत दशकौंसम्म पनि सुनियो," संगीतसाधक तिलक भन्छन्, "हिजोआज मार्केट ओरियन्टेड भएको जस्तो लाग्छ । जस्तोसुकै गीत होस्, जस्तोसुकै संगीत होस्, बिनाअभ्यास गाउने र कुन माध्यमबाट कसरी हिट हुने भन्ने मात्रै सोच रहने गरेको मैले देखेको छु ।" अधिकांशले 'पपुलारिटी'का लागि काम गर्दा साधना गर्नेलाई समेत आफ्नै क्षमतामा विश्वास गर्न कठिन भइरहेको तिलक बताउँछन् । बजारअनुसार चल्नुपर्ने बाध्यताले साधना गर्नेहरू पनि 'लतारिएर' मार्केट ओरियन्टेड हुन थालेको उनको धारणा छ । "पछि विस्तारै फिल्टर हुँदै जाला, त्यो आफ्नै ठाउँमा छ । तर, अहिले जुन ट्रेन्ड देखापरेको छ, यसले नेपाली संगीत र साहित्यमा नै नकारात्मक असर देखिन्छ," उनी भन्छन्, "लामो समय नेपाली गीत-संगीत पपुलर संगीतको पछि लाग्ने हो भने यसले हाम्रो यथार्थ संगीत के हो भन्नेमै प्रश्न उठाउँछ । हाम्रो मौलिक संगीत नै विस्तारै लोप हुने अवस्थामा पुग्छ ।" पपुलारिटीका लागि 'हाइब्रिड' गीत-संगीत ल्याउने गरिएको उनको बुझाइ छ । यस्तै अवस्था रहिरहे नेपाली पहिचान झल्काउने गीत-संगीत नै नरहने तिलकको चिन्ता छ । पपुलर गीतमा सहजै धेरैको पहुँच पुग्ने र राम्रो गीत-संगीत खोजेर सुन्ने तथा प्रोत्साहन गर्ने बानी पनि धेरैमा नरहेको सत्यलाई सबैले स्वीकार गर्नुपर्ने उनी बताउँछन् । "आम रूपमा जस्ता गीत-संगीत आइरहेका छन्, त्यही नै सत्य र सही हो भन्ने धेरैको बुझाइ छ । हाम्रो मिडियाको पनि यो कमजोरी हो," उनी अगाडि थप्छन्, "हाम्रो समाजको पनि कमजोरी छ । हाम्रो आफ्नो कुन हो र के हो ? कुन राम्रो हो भन्ने छुट्याएर समाजले पनि आफूलाई उपलब्ध अधिकारको सदुपयोग गर्नुपर्नेछ ।"

संगीतको मर्ममै प्रहार

संगीतकार टीका भण्डारी भूमण्डलीकरण यसको एउटा कारण भएको बताउँछन् । प्रविधिमा सहज पहुँच र सहजताका कारण संगीतका सबै पक्षमा विकृति भित्रिएको उनको बुझाइ छ । त्यसको नियमन र नियन्त्रण हुन नसक्नु नै राम्रा सिर्जना आउन नसक्नुको कारण भएको उनी बताउँछन् । "कुन कताबाट आयो र कता गयो, कुन कहाँबाट नक्कल भयो र कसले कसरी कपी गऱ्यो भन्ने नै ५० को दशकपछि थाहा हुन छोड्यो । यही अन्योलमा गीत-संगीत पनि आए । एफएमहरूको विकासपछि हरेक कोठाकोठामा स्टुडियो बन्न थाले । कोठाकोठामा गीत रेकर्ड हुन थाले । राम्रो/नराम्रोभन्दा पनि गायक/गायिका बन्छु भन्ने लहडमा धेरै आए," टीका भन्छन्, "कुन स्टुडियोमा रेकर्ड भएको हो, राम्रो छ/छैन, कुन असली र कुन नक्कली हो भन्ने छुट्याउने मेकानिजम भएन । यसले स्रोतालाई नै दिग्भ्रमित बनाइदियो । कुन राम्रो, कुन नराम्रो भन्ने छुट्याउन स्रोतालाई पनि कठिन भयो ।" नकारात्मक पाटो अगाडि आउन थालेपछि क्वालिटी म्युजिक खस्किएको उनी बताउँछन् । सञ्चारकर्मी समेत रहेका संगीतकार टीका क्वालिटी म्युजिक बिक्री हुनै छोडेको सुनाउँछन् ।

"अहिले कसैले मिहिनेत गरेर राम्रो गीत बनाएर ल्यायो भने कमैले सुन्छन् । तर, अलिकति अश्लील, नोकझोक र सतही गीत ल्यायो भने त्यो हिट हुन्छ । सामाजिक सहिष्णु भत्काउने किसिमका गीत चल्छन्," उनी अगाडि थप्छन्, "अहिले यसरी गीत-संगीतको मूल संरचनामाथि नै प्रहार भइरहेको छ । जो ओर्जिनल गीतको घराना आइरहेको थियो, त्यो पछाडि पऱ्यो । आउने कुरा अगाडि आएन । तर, जुन कुरा नआउनुपर्ने थियो, त्यो अगाडि आइदियो । जुन कुरा अगाडि आयो, त्यही नै ठिक हो भन्ने आमस्रोतालाई लाग्न थाल्यो । परिणाम, राम्रो संगीत ओझेलमा पऱ्यो ।" अहिले गीतले नचाउनुपर्छ भन्ने मान्यता छ । पछिल्लो समय नेपाली संगीत उद्योग स्टेजमा नाच्ने गीत बनाउनेतर्फ अग्रसर रहेको टीका बताउँछन् । यो क्षेत्रमा प्रवेश गर्ने नयाँ पुस्ताले यसैलाई 'फलो' गर्दै आएको उनी स्पष्ट पार्छन् । मोनोलग हुँदै बीचमा विभिन्न चरण पार गर्दै अहिले रेकर्डिङको प्रविधि डिजिटल छ । यसको विविधता बुझ्न नसक्दा पनि समस्या भइरहेको उनको ठहर छ । "जहाँ भेरिएसन हुन्छ, त्यहाँ चौपट्ट पनि हुन्छ । अहिले प्राप्त सुविधाले कलाकारलाई विलासी र अल्छी बनाइरहको छ । गीत गाउन स्टुडियोमा जाँदा गायकलाई म कुन गीत कस्तो संगीतमा गाउँदै छु भन्ने पनि थाहा हुँदैन," पछिल्लो समय सांगीतिक क्षेत्रमा देखिएको विकृतिबारे टीका स्पष्ट बोल्छन्, "स्टुडियोमा पुगेर गीत मागेर त्यहीं प्राक्टिसजस्तो गरेर आधा घण्टामा गीत गाउने अहिलेको चलन छ । यसले क्वालिटी म्युजिकमा प्रहार गरिरहेको छ ।" थामी नसक्नुको बाह्य प्रभावलाई रोक्न नसक्नु र सन्तुलन गर्न नसक्दा कुन हाम्रो र कुन अर्काको भन्ने समेत थाहा हुन छोडेको टीकाको गुनासो छ । गीत-संगीतमा पनि समावेशिता भित्रिएको भन्दै उनी अनावश्यक प्रतिस्पर्धाले यसको मर्ममै प्रहार गरिरहेको जिकिर गर्छन् । "जब संगीतको सुरमा समावेशिताको कुरा उठ्छ, अनावश्यक प्रतिस्पर्धा हुन्छ । साधना हुँदैन । त्यसपछि यसमा गुणस्तर पनि हुँदैन," टीका भन्छन्, "अझै यो क्रम कम्तीमा एक वर्ष चल्छ भन्ने लाग्छ । तर, जब रियलाइजेसन, रिथिंकिङ, र रिभ्यालुएसन हुन थाल्छ, त्यसपछि पुन: पुरानै कुरा ठिक रहेछ भन्नेमा समाज पुग्छ ।" ५० वर्षअघिका गीत अहिले पनि नेपालीले गाइरहेका छन् । तर, १० वर्षअघिका गीत सम्झनाको तरेलीबाट ओझेल परिसकेको उनी बताउँछन् । "११४ वर्षअगाडि गाएको राजमति कुमति... अहिले पनि सबैले गाउँछन् । तर, ५० को दशकदेखि ८० को दशकमा बनेको कुन गीत अबको सय वर्षपछि गाउलान् ?" कालजयीकरण क्षयीकरण भएको उनको निष्कर्ष छ । "अहिलेका गीत १० वर्षपछि कसैले पनि गाउँदैन भने त्यो कसरी राम्रो सिर्जना कहलिन्छ र कालजयी हुन्छ ?," उनको गम्भीर प्रश्न छ ।

प्रयासै नभएको होइन

संगीतकार अर्जुन पोखरेल अहिलेको पुस्ताले पनि कालजयी संगीत सिर्जनाका लागि प्रयास गरिरहेको तर 'नोटिस' कम भएको बताउँछन् । आफूले मेलोडी र शब्दमा सकेसम्म सम्झौता नगर्ने उनको भनाइ छ । ५० को दशकअघिका गीतका शब्द स्तरीय हुने गरेकामा भने दुई मत नरहेको उनी स्वीकार गर्छन् । "त्यो समय गीतका शब्द स्तरीय हुन्थे । विम्ब र प्रतीकको प्रयोग गरेर भाषिक रूपमा शुद्ध गीत लेखिन्थ्यो । वरिष्ठ गीतकारहरूले गीत लेख्नुहुन्थ्यो," अर्जुन भन्छन्, "यसमा भने अहिले धेरैले सम्झौता गर्ने गरेको पक्कै हो । व्यावसायिक रूपमा कस्ता गीत सफल हुन्छन् भनेर त्यसमा ध्यान दिएको पाइन्छ ।" यो समयको उपज भएको अर्जुनको तर्क छ । अहिले युट्युब र टिकटकमा नि:शुल्क असंख्य गीत उपलब्ध छ । यस्तो अवस्थामा एउटै गीत दोहोऱ्याएर सुन्नेको जमात कम रहेको उनी बताउँछन् । "५० को दशकको अन्तिमसम्म पनि गीत सुन्ने मुख्य स्रोत रेडियो नेपाल र केही एफएम रेडियो मात्रै थिए । केहीले क्यासेट किनेर ६ महिनासम्म एउटै गीत सुन्ने प्रचलन थियो," अर्जुन भन्छन्, "हामीले बाल्यकालमा जुन गीत सुन्यौं र मन पऱ्यो, त्यो गीत हाम्रो दिमागमा बसेको हुन्छ । त्यही गीत नै राम्रो लाग्छ । र, पछिसम्म पनि खोजेर सुन्छौं ।" 'कुटुमा कुटु...', 'तिमी रोएको पल...' जस्ता गीत स्रोता/दर्शकले अत्याधिक रुचाएको र अहिलेको समयमा तिनलाई 'क्वालिटी म्युजिक'मा राख्न सकिने अर्जुनको धारणा छ । यी गीतले ठूलादेखि साना सबैको भावना समेट्न सकेको उनको तर्क छ । अहिलेको पुस्तासँग पर्याप्त विकल्प रहेको उनी बताउँछन् । नेपालीसँगै हिन्दी र पश्चिमा गीत पनि सुन्ने जमात ठूलो छ । त्यसैले बजारले के खोज्छ र आर्थिक रूपमा के सफल हुन्छ, त्यसमा धेरै संगीतकर्मीको ध्यान जाने गरेको उनी स्वीकार गर्छन् । क्वालिटी म्युजिक मात्र गर्छु भनेर बसेका संगीतकर्मी पनि आर्थिक रूपमा सफल हुन बजारअनुसार चल्न थालेको उनको भनाइ छ । "अहिले चलनचल्तीका गीत छान्नुपर्ने बाध्यात्मक अवास्था आइसकेको छ । यो नेपालमा मात्रै होइन, विश्वभर नै यस्तै हो," अर्जुन बजारको विवशता सुनाउँछन् । पहिलाजस्तो अहिले सहज नरहेको भन्न अर्जुन हिचकिचाउँदैनन् । "पहिला गायक/गायिका मात्रै होइन, नायक/नायिका पनि लामो समय अस्तित्वमा रहिरहनुहुन्थ्यो," उनी भन्छन्, "तर, अहिले यी दुवै क्षेत्रमा उस्तै अवस्था छ । नयाँले चाँडैचाँडै पुरानोलाई रिप्लेस गर्दै गइरहनुभएको छ । कारण, चलनचल्तीअनुसार चल्नुपर्ने अवस्था छ । होइन भने नयाँले आएर तुरुन्तै आफ्नो बाटो बनाउँछ, पुरानो पछि पर्छ ।" क्वालिटी म्युजिकलाई ध्यान दिँदै आफूले केही चलचित्रमा गजल समावेश गरेको अर्जुन सुनाउँछन् ।

-बाह्रखरी डटकम

जनप्रतिनिधिलाई बजेट सम्बन्धी प्रशिक्षण

गुल्मी, जेठ १६/नेपाली काँग्रेस गुल्मीले स्थानीय जनप्रतिनिधिहरुलाई बजेट निर्माण र कार्यान्वयन सम्बन्धी एक दिने प्रशिक्षण दिएको छ । सोमबार संघीय सरकारले ल्याएको र स्थानीय तहमा ल्याउन लागिएको बजेट निर्माण र कार्यान्वयन सम्बन्धी काँग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिइएको हो ।

गणतन्त्र दिवस २०८० र गुल्मीका सहिद शम्शेरबहादुर खत्रीको पुण्यस्मृति पारेर काँग्रेसले प्रशिक्षण दिएको काँग्रेस गुल्मीले जनाएको छ । जनप्रतिनिधीले जनमुखी बजेट निर्माण तथा कार्यान्वयन र नागरिकलाई आवश्यक विकास पुरा गर्ने काममा प्रत्यक्ष सहयोग कसरी गर्न सकिन्छ भन्ने उद्देश्यले स्थानीयतहका पालिकाअध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरुलाई प्रशिक्षण दिइएको पार्टी प्रवक्ता उदयबहादुर थापाले जानकारी दिए । कार्यक्रममा नेपाली काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले स्थानीय जनप्रतिनिधिहरुले सहिदहरुको योगदानलाई साक्षी राखेर जनउपयोगी र जनताका आवश्यकतालाई कार्यान्वयन गर्न सकिने खालको बजेट निर्माण गर्नुपर्ने बताए । रेसुङ्गा नगरपालिकाका प्रमुख समेत रहेका पन्थीले बजेटले समाजमा हुने विकास निर्माणका कार्यमा समावेशिताको अवस्थालाई मूल्यांकन गर्ने जिम्मेवारी बहन गर्नुपर्ने, नागरिकका हरेक समस्याको पहिचान र समाधानमा ध्यान दिनुपर्नेमा जोड दिए । जिल्ला समन्वय समितिका प्रमुख द्रोणवहादुर खत्रीले नयाँ बजेट निर्माण गर्दाको अवस्था, भूगोलको अवस्था र आवश्यकतालाई पहिचान गरेर आफ्नो कार्यकालमा भएका विकासका कामहरु के कति प्रगति भए भन्ने विषयमा जवाफदेहीता हुने गरी बजेट निर्माण कार्यलाई प्रभावकारी बनाउनुपर्ने बताए । नेपाली काँग्रेस गुल्मीका उपसभापति शिवबहादुर खत्रीले स्थानीय सरकारमा निर्वाचित भएका जनप्रतिनिधिले स्थानीय, प्रदेश र संघको निर्वाचनका बेला जनतामाझ गरेका प्रतिवद्धताहरु पुरा गर्नेतर्फ लाग्नुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा सहजकर्ता नेपाली काँग्रेस गुल्मीका सचिव तथा ईस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले स्थानीयतहको बजेट निर्माण गर्दा उत्पादनलाई जोड दिनुपर्ने धारणा व्यक्त गरे । उनले भने 'प्रशिक्षणले तल्लो तहदेखि माथिल्लो तहसम्मका जनप्रतिनिधि र पार्टी बीचको समन्वय गरेर जनताका काम गर्ने र सुशासनलाई कार्यान्वयन गर्ने कार्यमा सहयोगी बन्ने छ ।' सहजकर्ता काँग्रेस गुल्मीका अर्का सचिव जगदीश भट्टराईले जनताले जनप्रतिनिधिका काम कारवाही र बजेटका हरेक कोणलाई नजिकबाट नियाली रहेको अवस्थाप्रति गम्भीर भएर लाग्नुपर्ने धारणा व्यक्त गरे । महासमिति सदस्य तथा कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदबहादुर थापाले स्थानीय सरकारबाट जनताले धेरै कुराको आशा गरेकाले सोही अनुसार काम गर्नु जनप्रतिनिधिको दायित्व रहेको उल्लेख गरे ।

लुम्बिनी प्रदेश : कानुन...

...लुम्बिनी प्रदेशसभाले हालसम्म संविधानले व्यवस्था गरेअनुसार अनुसूची ६ अनुसार एकल अधिकारी सूचीका कानुन, ७ मा रहेको संघ र प्रदेशका साझा अधिकार सूचीका कानुन र अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय तहका अधिकारका साझा सूचीका कानुन गरीविभिन्न आर्थिक वर्षको प्रारम्भमा सरकारले ल्याउने बजेटसँग सम्बन्धित अर्थ विधेयक र केही संशोधित कानुनसहित ७२ कानुन निर्माण गरेको छ । यि कानुन सबै प्रदेशसभाको पहिलो कार्यकालमा बनेका हुन् । प्रदेशसभाको पहिलो कार्यकालले बनाएका ७२ विधेयकमध्ये ५५ मूल कानुन र अन्य कतिपय संशोधन विधेयक र सांगठानिक विधेयक रहेका लुम्बिनी प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले बताए । सरकारले प्रदेशसभामा प्रस्तुत गरेका विधेयक अधिकांश आवश्यकताकै आधारमा आएको र प्रदेशसभामा आएका विधेयक विषयगत समितिमा आवश्यकताका आधारमा विज्ञसँगको छलफलसहित आउने भएकाले धेरै कानुन कार्यान्वयनमा पनि प्रभावकारीनै हुने उनले बताए । नेपालको संविधान २०७२ को धारा २६८ को उपधारा २ मा प्रत्येक प्रदेशमा प्रहरी संगठन रहने व्यवस्था गरेको छ । सोहीअनुसार लुम्बिनी प्रदेशले प्रदेश प्रहरी ऐन बनाएको एक वर्ष हुन थालेको छ । असार १५ गते प्रदेश प्रहरी ऐन ल्याएको लुम्बिनी प्रदेश सरकार सो ऐन कार्यान्वयनका लागि संघीय सरकारबाट प्रहरी समायोजन कहिले होला भन्दै कुर्नुपरेको प्रदेश सरकार आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयकी कानुन अधिकृत सीता घिमिरे बताउँछिन् । प्रदेशमा सुरक्षाको प्रत्याभूति दिलाउन ऐन प्रभावकारी हुने भए पनि प्रहरी समायोजन नहुँदा ऐनअनुसार प्रदेश सरकारमातहत प्रहरी आउन सकेको छैन । उनी संघीय सरकारले प्रहरी समायोजन नगर्दासम्म प्रदेशले ऐन बनाएपनि कार्यान्वयन हुन नसक्ने बताउँछिन् । प्रदेश सरकारले प्रदेशमा सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न प्रदेश सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ निर्माण भएको पनि करिब एक वर्ष बितेको छ । यो ऐन कार्यान्वयनका लागि हालसम्म विनियमावली बन्न सकेको छैन । सरकारले ऐनकअनुसार प्रदेश सञ्चार प्रतिष्ठानको अध्यक्ष र सदस्य नियुक्ति गरेपनि मुख्य कार्यकारी जिम्मेवारी रहेको रजिष्ट्रार नियुक्त हुन नसक्दा ऐन कार्यान्वयन प्रभावकारी बन्न नसकेको कानुन अधिकृत घिमिरेले बताईन् । उनका अनुसार प्रदेश सरकारले अहिलेसम्म बनाएका कानुनमध्ये धेरैजसो सेवा र सुशासन सम्बन्धी ऐन बनेर कार्यान्वयनमा रहेका छन् । वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सडक निर्माण, मर्मत सम्हार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बजार नियमन तथा प्रस्तिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जस्ता कानुन निर्माण हुनु प्रदेश सरकारले सेवा र सुशासनलाई प्राथमिकतामा राखेको देखिन्छ । सरकारले मुख्य प्राथमिकतामा राखेर बनाउनुपर्ने राजस्व संकलनसम्बन्धी कानुन पहिचान भएपनि बन्न सकेका छैन । लुम्बिनी प्रदेश सरकारले संविधानमा भएको व्यवस्था बमोजिम कानुन निर्माणमा प्रभावकारिता देखाएको छ । यसको कार्यन्वयन पक्ष भने फितलो रहेको प्रदेश सरकारका कानुन आयोगमा रहेर काम गरेका अधिवक्ता खुमकान्त पौडेलले बताए । प्रदेश सरकारले आवश्यकताका आधारमा महत्वपूर्ण कानुन निर्माण गरेपनि प्रदेशमा राजनीतिक अस्थिरताका कारण कार्यान्यिवनमा समस्या देखिएको अधिवक्ता पौडेल बताउँछन् । 'आवश्यकताका अनुसार प्राथमिकताका आधारमा ऐन बनेका छन् तर कार्यान्वयन गर्ने पक्षको इच्छाशक्तिको कमिले धेरै कानुन काम चलाउन जस्तो बनाइएको छ', उनले भने, "कानुन बनाएको संख्या गणना गर्ने मात्र भयो तर नियमावली नबन्दा काम चलाउन भएका छन् ।" सेवा प्रभावलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश नं ५, प्रदेश पर्यटनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं ५, प्रदेश नं ५, बालबालिकाको हकअधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक जस्ता कानुन प्रभावकारी बनेका छन् । प्रदेश नं ५, प्रदेश पशु वधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं ५, पशुस्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,प्रदेश नं ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं ५, बीउविजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि सेवा प्रभावसँग सम्बन्धित रहेका छन् । कानुन निर्माणका क्रममा सम्बन्धित क्षेत्रका विज्ञहरुको परामर्श र सरोकारवालासँगको छलफल हुनुपर्ने लेखक युवराज कँडेलले बताए । प्रदेशमा निर्माण भएका दुई तिहाइ कानुन त सरकार सञ्चालनसँग सम्बन्धित जनतासँग प्रत्यक्ष सरोकार नभएका कानुन रहेको उनको भनाइ छ । "जनतासँग जोडिएका विषयमा कानुन नबन्ने, कानुन आवश्यकता र अनुसन्धानका आधारमा बनाउने भन्दा काम देखाउनका लागि मात्र कानुन बनाएको देखिन्छ", उनले भने, "पहिला आवश्यकता के छ भनेर अध्ययन गर्ने, सरोकारवालासँग छलफल गर्ने र त्यसका आधारमा कानुन निर्माण नगर्दा कतिपय कानुन कार्यान्वयनमै आउन सकेका छैनन् ।''

खेलकुद समाचार

मलेसियामाथि नेपालको जित

काठमाडौं, जेठ १६/मलेसियासँगको टी-२० शृंखला अन्तर्गतको दोस्रो खेलमा नेपालले जित हात पारेको छ । पाँच टी-२० खेलको शृंखला अन्तर्गत मंगलबार भएको दोस्रो खेलमा नेपालले मलेसियालाई ७ विकेटले पराजित गरेको हो ।

सोमबार भएको पहिलो खेलमा नेपाल ५ विकेटले पराजित भएको थियो । तर, मंगलबार संयम भएर खेलको नेपालले मलेसियाले दिएको ९८ रनको लक्ष्य १७.३ ओभरमा ३ विकेट गुमाएर पूरा गरेको हो । यूकेएम क्रिकेट ओभलमा भएको खेलमा नेपालको लागि कप्तान रुविना क्षेत्रीले २१ बलमा ३ चौका र १ छक्का प्रहारसहित अविजित २९ रन बनाइन् ।

मलेसियाका लागि एइसा इलिसा, निक नुर अटिएला र विनीफ्राइडले १-१ विकेट लिइन् । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित ओभरमा ५ विकेट गुमाएर ९७ रनको योगफल बनाएको थियो । नेपालकी कप्तान रुविना क्षेत्रीले २, कविता कुँवर र इन्दू बर्माले एक-एक विकेट लिइन् ।

अर्थ/कर्पोरेट समाचार

सेयर बजारमा गिरावट

पाल्पा, जेठ १६/बजेट घोषणा भएको भोलिपल्ट मंगलबार सेयर बजारमा उच्च अंकले गिरावट आएको छ । नेप्से परिसूचक ५३.१६ अंक घटेर १ हजार ८ सय ८८ अंकमा झरेको छ भने सबै सूचक ओर्लिएका छन् । सेन्सेटिभ इण्डेक्स ८.७२ अंकले घटेर ३ सय ६० .७१ विन्दुमा अडिएको छ । मंगलबार कारोबार रकम २ अर्ब ३० करोड नाघेको छ । ७० लाख ७४ हजार कित्ता सेयर ४० हजार ६ सय ३४ पटक खरिदबिक्री हुँदा २ अर्ब ३४ करोड १७ लाख रुपैयाँको कारोबार भएको छ । बैंकिङ ३०, विकास बैंक ८०, फाइनान्स ४४, होटल तथा पर्यटन ९७, जलविद्युत् ६५, जीवन बीमा ३ सय ४६, उत्पादन ७७, माइक्रोफाइनान्स १ सय २२, निर्जीवन बीमा २ सय ९१, अन्य ४५ र ब्यापार उपसमूह ६५ अंक घटे । जम्मा ९ कम्पनीको मूल्य बढ्दा २ सय ७ को घट्यो भने ३ को स्थिर रह्यो । आत्मनिर्भर र बीपीडब्लू लघुवित्तको मूल्य सबैभन्दा धेरै १० प्रतिशत बढ्यो । स्वेतगंगा हाइड्रोको ९, सामुदायिक लघुवित्तको ८, सयपत्री हाइड्रो र आदर्श लघुवित्तको मूल्य ७ प्रतिशत घट्यो । कारोबार रकमका आधारमा शिवम् सिमेन्ट, ग्लोबल आईएमई बैंक (संस्थापक), नेपाल लाइफ इन्स्योरेन्स, चिलिमे र निफ्रा क्रमशः अगाडि रहे । कारोबारमा आएका १३ वटै उपसमूहको सूचक नकारात्मक देखिएका छन् । माइक्रो फाइनान्स उपसमूहको सूचक सबैभन्दा बढी ३.४२ प्रतिशतले घट्यो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई